जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९                                          स.नि.तु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक २०८    २०७७ साल चैत ६ गते शुक्रबार (19 Mar. 2021 Friday)    मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : महिला हिंसाविरुद्ध कक्षा ... ३ पृष्ठमा : नेपाली कांग्रेसका नेता ... ३ पृष्ठमा पूर्वी अफगानिस्तानमा सेनाका ...

## दलित विपन्न परिवारलाई सुरक्षित भवन हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. २ कनकपट्टी थलहा डगर टोलका १४ सुकुम्वासी दलित परिवारका लागि निर्माण गरिएको घर बिहीबार हस्तान्तरण गरिएको छ ।

महुली सामुदायिक विकास केन्द्रको सहजिकरण तथा ह्याविटेट फर ह्युमिनिटी नेपाल र शम्भुनाथ नगरपालिकाको सहयोगमा निर्माण गरिएको उक्त आवास बिहीबार एक कार्यक्रमबीच ह्याविटेट फर ह्युमिनिटी नेपालकी नेशनल डायरेक्टर कृष्टि स्टेफ्नीले आवासको साँचो दिएर घरधनीलाई हस्तान्तरण गरेकी हुन् ।

दुई कोठे घरमा भान्सासहित तथा छुट्टै शौचालयको व्यवस्था रहेको महुली सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक प्रभु नारायण चौधरीले जानकारी दिएका छन् ।

घरको चारैतिरको भित्तामा बाँसको भाटा कलात्मक ढंगबाट जडान गरि टिनको छानासहित निर्माण भएको उक्त आवासमा सहयोगि एवं साझेदारी संस्था ह्याविटेट फर ह्युमिनिटीले २ लाख, शम्भुनाथ नगरपालिकाले १ लाख ६१ हजार ४ सय ७५ तथा घरधनीको श्रमदान र युवाहरुको योगदानबाट ३२ हजार ८ सय ८५ रुँपैया गरि कुल ३ लाख ९४ हजार ३३ रुँपैया लागत लागेको जनाइएको छ ।

सोही वडाकी ५० वर्षिया लक्ष्मीदेवी सदायले वर्षा, हावाहुरी तथा अन्य विपद्‌बाट समेत जोगिन नवनिर्मित घरमा बस्न पाउँदा निकै खुशी र हर्षित भएको बताइन् । सोही बस्तिका धर्मदेव सदायले वर्षेणी बाढीका कारण घरबार छाडेर सुरक्षित स्थानमा भाग्नु पर्ने बाध्यता अब हटेको भन्दै दंग छन् ।

जमिनमा ढुंगा तथा सिमेन्टबाट घरको सतह उच्च बनाई बाढीको जोखिमबाट समेत सुरक्षा दिनेगरि चालु आ.ब.को साउन महिनादेखी निर्माण कार्य सुरु भई पुस मसान्तमा कार्य सम्पन्न भएको हो ।

शम्भुनाथ नगरपालिकाकी उपप्रमुख कबिता सरदारको अध्यक्षतामा आयोजित आवास हस्तान्तरण कार्यक्रममा सिरहाको धनगढीमाई नगरपालिका प्रमुख हरिनारायण चौधरी, शम्भुनाथ नगरपालिका वडा नं. २ का अध्यक्ष दुर्गानन्द भगत, संस्थाका कर्मचारीलगायतको उपस्थिति

*बाँकी दुई पृष्ठमा*

## सडक निर्माण कार्यले गति लिन नसक्दा दुर्घटना निम्त्याउँदै



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

सप्तरीमा भइरहेको सडक निर्माण तथा मर्मत सम्भारको कार्यले गति लिन नसक्दा दुर्घटना निम्त्याउनुका साथै स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ ।

सदरमुकाम राजविराज नगरपालिका क्षेत्रमा भईरहेको सडक तथा नाला निर्माणको काममा ठेकेदार कम्पनीको चरम लापरबाही देखिएको छ ।

सडकमा सर्वसाधारणदेखि सवारीसाधनको आवगमनमा जोखिमसँगै दुर्घटनासमेत बढेको छ । जसले गर्दा पटक-पटक मालबाहक सवारीसाधन खनिएको सडकमा फँस्ने गरेकोमा बुधवार राती एउटा मालबाहक ट्रक पल्टिएको छ ।

ट्रक पल्टिदा कुनै किसिमको मानवीय क्षति नभएपनि सडकमा आवागमन अवरुद्ध हुनुका साथै झन समस्या भएको स्थानीय भागवत साहले गुनासो गरे ।

राजविराज नगरपालिका वडा

*बाँकी दुई पृष्ठमा*

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २

### स्वास्थ्य निर्देशनालय

जनकपुरधाम, धनुषा

**लिखित परिक्षा संचालन सम्वन्धी सूचना**
(सूचना प्रकाशित मिति: २०७७।१२।०६)

प्रस्तुत विषयमा श्री जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र,राजविराज,सप्तरीबाट मिति २०७७।०६।१९ गते परिक्षा स्थगित गरिएको सूचना प्रकाशित भएकोमा यस निर्देशनालयको मिति २०७७।१२।०२ गतेको निर्णायानुसार विज्ञापन नं.०१/०७७/०७८ **वैध पद,चौथो तह,आयुर्वेद सेवाको** लागी रीत पूर्वक दरखास्त पेश गर्नु भएका उम्मेदवारहरुको लिखित परिक्षा तपशिलको मिति,समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :
मिति :-२०७७।१२।१३
समय :- दिउसो ११:०० बजे ।
स्थान :-वि.पि.स्मृति बहु प्राविधिक शिक्षालय,लक्ष्मीनिया-४,सपही,धनुषा ।


**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान** – जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन
**भौतिक दुरी कम हुने स्थान** – जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ
**भेन्टिलेशन नभएको** – वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दुरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# जनतालाई दु:ख दिने काम बन्द गरौं

सडक निर्माण कार्यले तिब्रता नलिदा अहिले सप्तरमा दिनहुँ सानो ठूलो दुर्घटना निम्तिरहेको छ। सप्तरीको विभिन्न स्थानमा अहिले सडक निर्माण कार्य भइरहेको छ। तर, सडक निर्माण कार्य अहिले सुस्त गतिमा रहेको छ। निर्माण कम्पनीले एक ठाउमा निर्माण कार्य सुरु गरेपछि सो काम अधुरै छाडेर अन्य स्थानमा काम सुरु गर्ने प्रबृतिले गर्दा दुर्घटनाको जोमिख समेत बढेको छ। ठाउँठाउँमा सडक र नाला निर्माण कार्यका कारण खाल्डो खनिएपछि त्यस कार्यलाई पूर्णता दिनुको साटो त्यतिकै छोड्नुले दुर्घटना निम्त्याउने काम गरेको छ।

यता राजविराजको विभिन्न वडाका सडकहरु वर्षौंदेखी निर्माणको पर्खारहेको अवस्थामा अहिले सडकहरुको निर्माण तथा मर्मत सम्भारको कार्यहरु सुरु त भयो तर अधुरै रहेका छन्। विगत ६ महिना बढी समयदेखी निर्माण कार्य सुरु भएको स्थानहरुमा अहिलेसम्म निर्माण कम्पनी आफैले हेर्न समेत आएको छैन्। यस्तो प्रकारको कार्यले कस्तो परिणाम देखाउने हो त !

जिल्लामा भइरहेको सडक निर्माण कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ। तसर्थ यस्ता लापरवाही कार्यलाई अविलम्ब सच्याएर निर्माण कार्यलाई समयमै पूरा गरि जनतालाई दु:ख दिने काम बन्द गर्नु नै उपलब्धीमूलक कार्य हो।

# महिला हिंसाविरुद्ध कक्षा सञ्चालन गर्न आग्रह

काठमाडौँ, ५ चैत (रासस)।

राष्ट्रिय महिला आयोगले विद्यालयमा हरेक साता महिला हिंसाविरुद्ध अतिरिक्त कक्षा सञ्चालन गराउन सरकारसँग आग्रह गरेको छ।

भोलिन्टियर सर्भिज ओभर्सिज (भिएसओ) नेपाल र आसमान नेपालको सहकार्यमा शिक्षा पत्रकार समाजले बिहीबार यहाँ आयोजना गरेको सङ्घस्तरीय नीतिगत बहस कार्यक्रममा आयोगका सदस्य विद्या सिन्हाले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसँग आयोगको टोलीले उक्त आग्रह गरेको जानकारी दिनुभयो।

उहाँले सो विषयमा विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न पनि आग्रह गरिएको बताउनुभयो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले सरकार सुरक्षित विद्यालय अवधारणाको गुरुयोजना ल्याइसकेको र यसमा कोभिड-१९ पछिका अवरोधसमेतलाई थप गरेर कार्यान्वयन गरिने जानकारी दिनुभयो।

उहाँले विद्यालयमा गुनासो सुनुवाइ पेटिका अनिवार्य राख्न लगाइ विद्यार्थीको गुनासोलाई नियमित सम्बोधन गर्न लगाइएको र विद्यालयमा अशान्ति हुने कुनै पनि आक्रमण हुन नदिइने स्थिति निर्माण गर्नुपर्ने जनाउनुभयो।

गाउँपालिका राष्ट्रिय महासङ्घका सुदूरपश्चिम प्रदेश अध्यक्ष दुर्गादत्त ओझाले बालमैत्री विद्यालय निर्माणका लागि आफूहरू प्रतिबद्ध भएको बताउनुभयो।

राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले भयमुक्त वातावरणमा मात्रै बालबालिकाले सहजरूपमा सिकाइ हासिल गर्न सक्ने भएकाले सबै स्थानीय तह र विद्यालयमा बाल संरक्षण मापदण्डको कार्यान्वयनका लागि नीतिगत पहल शुरु भएको जानकारी दिनुभयो।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापाले शिक्षकहरूसँगको सहकार्य बढाएर विद्यालय सुरक्षाका कार्यक्रम सफल बनाउन सकिने बताउनुभयो। सामुदायिक विद्यालय व्यवस्थापन समिति राष्ट्रिय महासङ्घका अध्यक्ष कृष्ण थापाले विद्यालयस्तरमा स्वामित्व निर्माण गर्न सकेमा नीति र कार्यक्रम प्रभावकारी हुने बताउनुभयो।

कार्यक्रममा भिएसओ नेपालका देशीय निर्देशक जयशङ्कर लालले 'सेभ टु लर्न' परियोजनाले विभिन्न प्रदेश र जिल्लामा सुरक्षित विद्यालयका लागि हासिल गरेका अनुभव अन्य स्थानका लागि पनि प्रयोगमूलक हुने बताउनुभयो।

आसमान नेपालका सन्तोष महर्जनले विद्यालयमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, विपद् जोखिम, बन्द हड्ताल, परम्परागत कूरीति, सामाजिक विभद्जस्ता घटनाका कारण विद्यार्थी बीचैमा कक्षा छाड्ने समस्या कायम रहेको पाइएको बताउनुभयो।

कार्यक्रममा जनप्रतिनिधि, शैक्षिक निकायका प्रतिनिधि र शिक्षा क्षेत्रका सरोकार भएका सहभागी कार्यक्रममा विद्यालयमा भौतिक पूर्वाधार, शैक्षिक सामग्री, मनोसामाजिक वातावरण लगायतका पक्षमा पर्याप्तता हुनुपर्ने बताइएको हो। उनीहरूले गुणस्तरीय शिक्षाको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा संविधानको मौलिक हकको कार्यान्वयनका लागि विद्यालयमा सुरक्षित सिकाइको वातावरण हुनुपर्नेमा जोड दिएका हुन्। एक विद्यालय एक नर्स कार्यक्रमले सहयोग गरेको पनि जनाइएको छ।

***सडक निर्माण ...***

नम्बर २ तेतरीगाछी चौक सडक खण्डमा नाला निर्माणसँगै सडक निर्माण कामको ठेक्का दिवा निर्माण सेवाले पाएको छ। तर, नाला निर्माणको क्रममा ३ देखि ५ मिटरसम्म ठाउँ-ठाउँमा गहिरो खनेर होमपाईप हाल्ने काममा भईरहेको लापरबाहीले दुर्घटना बढाएको छ।

नाला निर्माणकोलागि खनिएको सडक र खानेपानीको पाईपसमेत फुटेर पानी सडकमै जम्ने गरेको छ। ठेकेदार कम्पनीले सडक र नाला निर्माण गर्दा एक साईडको सडक सुचारु राख्नुपर्ने तर, काम सुरु गरेर बिचमै छाड्ने प्रवृतिले गर्दा यस्ता समस्याहरु श्रृजना भएको स्थानीय नगरबासीको भनाई छ। ठेकेदार कम्पनीलाई यथासिघ्र नाला निर्माणसँगै सडक निर्माणको काम सक्नकालागि स्थानीयले दवाब दिएका छन्।

तर, ठेकेदारले कम्पनी दिवा निर्माण सेवाले चाँडै सडकमा आवतजावत सहज हुने गरी काम अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गरेको छ।

यता राजविराज नगरपालिका वडा २ का अध्यक्ष अरुण यादवले आफू ठेकेदार कम्पनीलाई चाँडै काम सक्न र एकतर्फीरुपमा सडक सुचारु राख्न पटक-पटक भन्दै आएको बताए। नाला निर्माणको क्रममा खानेपानीको पाईप फुटेर झन समस्या हुँदा खानेपानी कार्यालयलाई मर्मत गर्न ताकेता गरिरहेको जानकारी दिए।

यस्तै राजविराजस्थित वडा नं. ८ मा पनि सडक निर्माण कार्यले गति लिन नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नुका साथै स्वास्थ्यमा समेत असर पर्ने सम्भावना बढेको छ। सडक निर्माणको जिम्मा पाएका कान्छाराम कन्स्ट्रक्सनले निर्माण कार्यलाई बीचमै छोड्दा आवतजावतमा समस्या भएको छ।

नाला निर्माण कार्य सम्पन्न गरेपनि त्यसमाथी स्ल्याप नराखेकोले दुर्घटना हुन सक्ने सम्भावना रहेको छ। यता सडक अहिले धुलोमय भएको छ। हावाहुरीको समयमा सडकको धुलो स्थानियको घरमा पस्दा स्वास्थ्यमा असर पुग्ने गरेको स्थानियको भनाई छ।

# नेपालमै पहिलो पटक १० हजार लिटरको ट्याङ्की



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत।**

पञ्चकन्या समूहले भैरहवाले विशेष आर्थिक क्षेत्रमा अवस्थित स्टेनलेस स्टिल ट्याङ्की उद्योग बिहीबारदेखी सञ्चालनमा ल्याएको छ।

पञ्चकन्या समूहका उपाध्यक्ष ध्रुवकुमार श्रेष्ठले उद्योगको उद्घाटन गर्दै बिहीबारदेखी उत्पादन कार्य नियमित रुपमा सुरु भएको जानकारी दिएका छन्। उनले कस्नेपालमै पहिलो पटक १० हजार लिटरको एस.एस. ट्याङ्की उत्पादन हुने बताए।

भारतमा निकासी गर्ने उद्देश्यका साथ पञ्चकन्या समूहले एस.एस. ट्याङ्कीको दोस्रो उद्योग भैरहवा विशेष आर्थिक क्षेत्रभित्र सुरु गरेको जनाइएको छ।

उद्योगले २५० देखि १० हजार लिटरसम्मको भर्टिकल तथा होरिजन्टल एस.एस. ट्याङ्की उत्पादन गर्ने लक्ष्य लिएको छ।

उद्योगले वार्षिक ८० हजार वटा ३ सय ४ तथा ३ सय १६ ग्रेडका एस.एस. ट्याङ्की उत्पादन गर्ने जनाएको छ। हाल काठमाडौंस्थित पहिलो उद्योगले भारतको लखनऊ तथा कोलकत्ता क्षेत्रमा निकासी गरिरहेकोमा दोस्रो उद्योगले उत्तर भारतमा आफ्नो उत्पादन बिक्रि गर्ने उद्देश्य राखेको समूहका उप-महाप्रबन्धक देवेन्द्र साहुले जानकारी दिए।

***दलित विपन्न ...***



रहेको थियो।

विगत १२ वर्षदेखी आवास क्षेत्रमा काम गर्दै आएको केन्द्रले हालसम्म अतिविपन्न तथा दैवी प्रकोपमा परेका पीडित परिवारका लागि सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजविराज नगरपालिका, रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकामा गरि कुल ४ हजार ४ सय १४ घर निर्माण गरिसकेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाली कांग्रेसका नेता कोइरालाको निधन

विराटनगर, ५ चैत (रासस)।

नेपाली कांग्रेस मोरङका पूर्वसभापति अशोक कोइरालाको बुधबार राति १ बजे निधन भएको छ। उहाँको निधन विराटनगरस्थित न्यूरो अस्पतालमा निमोनियाको उपचारका क्रममा भएको कांग्रेस निर्वाचन क्षेत्र ४ मोरङका सचिव सन्तनु रेग्मीले जानकारी दिनुभयो।

कांग्रेसका प्रखर नेता कोइराला २०४६ सालको राजनीतिक परिवर्तनपछि विराटनगर उपमहानगरपालिकाको प्रमुखमा विजयी हुनुभएको थियो भने संविधानसभाको दोस्रो निर्वाचनमा मोरङको निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित हुनुभएको थियो।

पचहत्तर वर्षीय कोइरालाका एक छोरा, एक छोरी र श्रीमती हुनुहुन्छ। उहाँको बिहीबारै दिउँसो १ बजे शवयात्रा निकाल्ने कांग्रेसको पार्टी कार्यालय पुगेर एक घण्टा श्रद्धाञ्जलि व्यक्त गर्ने कार्यक्रम छ। बिहीबारै विराटनगरको हाटखोलास्थित विश्रान्त घाटमा अन्त्येष्टि हुने सचिव रेग्मीले जानकारी दिनुभयो।

उहाँको अन्त्येष्टिमा कांग्रेसका महामन्त्री डा शशाङ्क कोइराला, केन्द्रीय सदस्य डा शेखर कोइराला, डा मीनेन्द्र रिजाल, डा डीला सङ्ग्रौला, अमृत अर्याल सहभागी हुने सचिव रेग्मीले बताउनुभयो।

## राजविराज नगरपालिका
### ९ नं. वडा कार्यालय
राजविराज, सप्तरी, प्रदेश नं. २, नेपाल

मिति- २०७७/१२/०५

प.स.: ०७७/०७८

च.न.–

**उपभोक्ता समिति गठन सम्बन्धमा।**

राजविराज नगरपालिकाद्वारा चालु आ.व. ०७७/०७८ का लागि पारित योजनाहरु वडा सिलिङ्ग अन्तर्गत भौतिक पुर्वाधारका तपसिल बमोजिमका योजनाहरुका लागि तपसिल बमोजिमको मिति, समय र स्थानमा उपभोक्ता समिति एवं अनुगमन समिति गठन गरिने भएको हुदा उक्त मिति, समय र स्थानमा उपस्थित भई दिनु हुन योजनासंग सम्बन्धित उपभोक्ताहरु, नागरिक सचेतना केन्द्र राजनैतिक दल, वुद्धिजिवि,पत्रकार लगायत सम्वन्धित सबैमा जानकारि गराईन्छ।

**तपसिल**

| सि.न. | योजनाको नाम | बिनियोजित रकम | उपभोक्ता समिति गठन हुने स्थान | मिति | समय |
|---|---|---|---|---|---|
| १. | वडा सदस्य चन्दर यादवको घर देखि पश्चिमतर्फ नसिबलालको घर हुदै जितेन्द्र यादवको घर सम्मको बाटो मा ढलान कार्य | १,००,०००।- | वडा सदस्य चन्दर यादवको घर निर | २०७७/१२/१३ | बिहान ८ बजे |
| २. | झबर यादवको घर देखि दक्षिण रामचन्द्र यादवको घर सम्मको बाटो मा ढलान | ६,००,०००।- | रामचन्द्र यादवको घर निर | २०७७/१२/१३ | दिउसो २ बजे |
| ३. | लतिफ मियाको घर देखि दक्षिण सलिम मास्टर साहेवको घर सम्म बाटोमा नाला निर्माण | ७,००,०००।- | मदर्साको प्रांगणमा | २०७७/१२/१४ | बिहान ८ बजे |
| ४. | जय नारायण मण्डलको घर देखि पश्चिम रुपनी सडक सम्मको बाटोमा ढलान | २,००,०००।- | सिताराम मण्डल को घर निर | २०७७/१२/१४ | दिउसो २ बजे |
| ५. | फुलचन खंगको घर देखि दक्षिण केन्द्रीय सडक सम्मको बाटोमा नाला निर्माण | ५,००,०००।- | झोली महतो को घर निर | २०७७/१२/१५ | बिहान ८ बजे |
| ६. | मलेठको नोनिया वस्तीमा रहेको नाथ बाबाको मन्दिर जिर्नोदार कार्य | ३,००,०००।- | रामेश्वर नोनिया को घर निर | २०७७/१२/१५ | दिउसो २ बजे |
| ७. | साविक मलेठ १ को दलित वस्तीमा ससिया बाबाको मन्दिर निर्माण | १,५०,०००।- | वडा सदस्य रेखा देवी मण्डल को घर निर | २०७७/१२/१६ | बिहान ८ बजे |
| ८. | वडा कार्यालय निरको बजरंगबली मन्दिरको जिर्नोदार कार्य | २,००,०००।- | वडा कार्यालयको प्रांगणमा | २०७७/१२/१६ | दिउसो २ बजे |
| ९. | कोल्हटा बस्ती निरको कब्रिस्थानको घेरबेर | १,००,०००।- | मसिजितको प्रांगणमा | २०७७/१२/१७ | बिहान ८ बजे |
| १०. | नहरचौकको बजरंगबली मन्दिरको कम्पाउण्डवाल मर्मत | १,००,०००।- | नहरचौकको बजरंगबली मन्दिर प्रांगणमा | २०७७/१२/१७ | दिउसो २ बजे |

शम्भु प्रसाद यादव
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं. ९

# विश्व समाचार

## पूर्वी अफगानिस्तानमा सेनाको हेलिकप्टर दुर्घटनामा परी नौको मृत्यु

काबुल, ५ चैत (रासस/सिन्ह्वा)।

अफगानिस्तानको वार्दाक प्रान्तमा अफगान वायु सेनाको एक हेलिकप्टर दुर्घटना हुँदा नौं व्यक्तिको मृत्यु भएको रक्षा मन्त्रालयले बिहीबार पुष्टि गरेको छ।

बुधबार राति वार्दाक प्रान्तको बिहसुद जिल्लाको सो दुर्घटना भएको थियो। यस दुर्घटनामा परी चार जना चालक दलका सदस्य र पाँच अफगान राष्ट्रिय सेना मारिएका मन्त्रालयद्वारा प्रकाशित एक विज्ञप्तिमा जनाइएको छ।

सेनाले दुर्घटनाको विषयमा अनुसन्धान गरिरहेको र सत्यतथ्य विवरण बाहिर आएपछि जारी गर्ने पनि विज्ञप्तिमा जनाइएको छ।

गत नोभेम्बरमा पूर्वी प्रान्त नार्न्गाहरमा सेना हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा अफगान वायु सेनाका दश सदस्य मारिएका थिए।

## ब्राजिलमा पहिलो पटक एकै दिन ९० हजार कोरोना सङ्क्रमित भेटिए

रियो डे जेनेरियो, ५ चैत (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोरोना भाइरसबाट एकै दिनमा ९० हजारभन्दा बढी सङ्क्रमित भएका पाइएको छ। यस देशमा पहिलो पटक यतिधेरै नागरिक सङ्क्रमित भएका पनि समाचारमा जनाइएको छ।

ब्राजिलका स्वास्थ्यसम्बन्धी सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा अर्थात् बुधबार रातिसम्ममा यहाँका ९० हजार ३०३ जना सङ्क्रमित भएका बताइएको छ।

ब्राजिलमा अहिलेसम्म कूल एक करोड १६ लाख ९३ हजार ५५८ जना सङ्क्रमित भएका छन् भने दुई लाख ८० हजार जनाभन्दा बढीको मृत्यु भइसकेको पनि बताइएको छ। त्यसैगरी सोही अवधिमा कम्तीमा दुई हजार ६४८ जनाको कारोना सङ्क्रमणका कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ।

यो मृत्यु पनि गएका केही हप्तापछि गत २४ घण्टाको अवधिमा भएको मृत्युको धेरै सङ्ख्या भएको पनि बताइएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कोरोना भाइरसको महामारीबाट साओ पाउलो सबैभन्दा बढी प्रभावित भएको छ। त्यहाँ पछिल्लो २४ घण्टामा मात्रै चार सय जनाभन्दा बढीको मृत्यु भएको छ।

पछिल्लो समयमा ब्राजिलमा कोरोनाका सङ्क्रमितको उपचारका लागि सेवा क्षमता कम भएको बताइएको छ। जसका कारण पनि कतिपय अवस्थामा अस्पताललमा शचया र औषधि अभावसमेत भएको अधिकारीहरुले जानकारी दिएका छन्। यहाँ कोरोना भाइरस विरुद्धको खोप पनि लगाउन थालिएको छ। ब्राजिलका पूर्व राष्ट्रपति लुइस इनासियो लुला डि सिल्भाले पनि गत शनिबार कोरोना भाइरस विरुद्धको खोप लगाउनुभएको थियो।

पछिल्लो जानकारी अनुसार मङ्गलबारसम्ममा यहाँका एक करोड ४० लाख भन्दा बढी नागरिकले खोप लगाएका छन्। ब्राजिलको स्वास्थ्य मन्त्रालयले मङ्गलबार मात्र यो जानकारी दिएको पनि समाचारमा जनाइएको छ। ब्राजिल विश्वमा कोभिड-१९ को सङ्क्रमणबाट पीडित अमेरिकापछिको दोस्रो देश हो।

## भारतमा यसवर्ष शुरु भएयताकै सबैभन्दा बढी कोरोना संक्रमण

नयाँदिल्ली, ५ चैत (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा करीब ३६ हजार जना सङ्क्रमित भएका छन् । गत बुधबार एक दिनमा २८ हजार ९०२ जना सङ्क्रमितको सङ्ख्या बुधबार ३५ हजार ८७१ पुगेको छ । गत २४ घण्टाको कोरोना सङ्क्रमितको यो सङ्ख्या यस वर्ष शुरु भएयताको नै सब भन्दा बढी हो।

भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या एक करोड १४ लाख ७४ हजार ६०५ पुगेको सो मन्त्रालयले जनाइएको छ। कूल सङ्क्रमितमध्ये दुई लाख ५२ हजार ३६४ जना अहिले पनि सङ्क्रमित अवस्थाम} रहेका छन् भने कूल एक करोड १० लाख ६३ हजार २५ जना सङ्क्रमणमुक्त भएका छन्।

गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १७२ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ५९ हजार २१६ पुगेको बिहीबार जनाइएको छ ।भारतमा जनवरीबाट कोरोना विरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म तीन करोड ७० लाख भन्दा बढीले खोप लगाइसकेका छन्।

त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषदले जनाएको छ। परिषद्का अनुसार मङ्गलबारसम्म भारतमा २३ भन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ। बुधबार एकै दिनमा १० लाख ६३ हजार भन्दा जनाको कोरोना परीक्षण गरिएको छ।

# झा दम्पत्तिको अवस्था पत्ता लगाउन गृहमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

महोत्तरी जिल्लाका एक झा दम्पती लामो समयदेखी बेपता भएको भन्दै उनीहरुको अवस्था पत्ता लगाउन विहिबार राजविराजमा ब्राहमण समाजका अगुवाहरुले गृह मन्त्रीलाई ज्ञापन पत्र पठाएका छन ।

जिल्ला प्रशासन मार्फत पठाइएको ज्ञापन पत्रमा महोत्तरी जिल्लाको पिपरा गाँउपालिका ५ निवासी ६५ वर्षीय मुसाफिर झा र उनको धर्मपत्नी ६० वर्षीया गिता देवी गत फागुन १० गते राती देखी नै घरबाट बेपता भएको र हाल सम्म उनको अवस्था सार्वजनिक हुन नसकेको भन्दै झा दम्पतीको खोजीका लागि प्रहरीले सक्रियता बढाउन माग गरिएको छ ।

ब्राहमण सेवा समाजका अध्यक्ष बिबेकान्द मिश्र, कार्यवाहक सचिव तथा केन्द्रीय प्रतिनिधि अजित ठाकुर, श्यामसुन्दर झा, ई. राजनारायण मिश्र, मैथिल ब्राहमण सभाका अध्यक्ष राघबेन्द्र झा लगायतको अगुवाइमा ज्ञापन पत्र बुझाइएको हो ।

ज्ञापनपत्र मार्फत झा दम्पतीको अवस्था पत्ता लगाउन प्रहरी उदासिन देखिएको उल्लेख गर्दै अबिलम्ब अवस्था पत्ता नलगाए आन्दोलन चर्काउने चेतावनी समेत दिइएको छ ।

# ग्यास सिलिण्डर पड्किएर आगलागि, एक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ बनरझुल्ला टोलमा बुधबार राती ग्यास सिलिण्डर पड्किएर आगलागि भएको छ ।

आगो निभाउने क्रममा एक जना घाइते भएका छन् । सो आगलागिबाट चार घर नष्ट हुनुका साथै २५ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ ।

राती १० बजेतिर सो वडास्थित हरिकिसुन खंगको भान्सा कोठामा रहेको ग्यास सिलिण्डर पड्किएपछि लागेको आगो फैलिएर खंगका साथै छिमेकी रामचन्द्र खंग, नकछेदी खंग लगायतका चार घर जलेर पूर्ण रुपमा नष्ट भएको गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिएका छन् ।

यता आगो निभाउने क्रममा हरिकिसुन खंग घाइते भएका छन् । उनको तत्कालै उद्धार गरि उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराइएको गाउँपालिकाको विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिए ।

राजविराज र हनुमानगर कंकालिनी नगरपालिकाको बारुणयन्त्र, प्रहरी र स्थानियवासीको मद्दतले २ घण्टाको प्रयास पश्चात् आगोमाथी नियन्त्रण कायम गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जसपाको कार्यकारिणी समिति बैठक स्थगित

काठमाडौं, ५ चैत (रासस) ।

सत्ता साझेदारीको कसरतमा रहेको जनता समाजवादी पार्टी (जसपा)ले सरकार गठनमा कसलाई सघाउने भन्ने विषय अझै टुङ्गो लगाउन सकेको छैन । वर्तमान परिस्थितिमा सत्ता साझेदारीलगायत विषयमा छलफल गर्न जसपाको पटकपटक पदाधिकारी बैठक बसे पनि कुनै निर्णयमा पुग्न सकेको छैन ।

ललितपुरको बालकुमारीस्थित पार्टी मुख्यालयमा बिहीबार भएको पदाधिकारी बैठक निष्कर्षहीन भएको छ । बिहीबारैका लागि बोलाइएको जसपाको केन्द्रीय कार्यकारिणी समितिको बैठक पनि स्थगन भएको छ । समितिको बैठकको तयारीस्वरुप बिहान भएको पदाधिकारी बैठकले आवश्यक तयारी नपुगेको जनाउँदै बैठक स्थगन गरेको थियो । मध्याह्नका लागि तय गरिएको समितिको बैठक अनिश्चितकालका लागि स्थगन भएको जसपाका नेता केशव झाले जानकारी दिनुभयो । बैठक बस्नुअघि पदाधिकारीबीच छलफल भए पनि थप तयारी गर्नुपर्ने देखिएको जनाइएको छ ।

यसअघि यही चैत २ गते भएको जसपाका शीर्षनेताको बैठक पनि निष्कर्षहीन भएको थियो । चैत ३ गतेको पदाधिकारी बैठकसमेत स्थगन गरिएको थियो । अघिल्ला सबै बैठकमा सत्ता साझेदारीलगायत विषयमा पार्टीले स्पष्ट धारणा बनाउनेबारे छलफल भए पनि निष्कर्षमा पुगिनसकेको जसपाले जनाएको छ ।

सत्ता साझेदारीका लागि निरन्तर परामर्शमा रहेको जसपाले केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओली तथा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)सँग चरणबद्ध छलफल गरेको थियो । जसपाले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँग पनि परामर्श गरेको थियो । पार्टीले बन्दी रिहाइ, मुद्दा फिर्ता, संविधान संशोधनलगायत माग राख्दै आएको छ । जसपामा ३४ सांसद रहेकामा दुई सदस्य निलम्बित हुनुहुन्छ ।


## ब्लुबुक हराएको सूचना

सप्तरीको बेल्हीदेखी पातोसम्म जाँदै गरेको अवस्थामा २०७७ साल माघ ५ गते निम्न ब्यहोराको ब्लुबुक हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।

**नाम : मनोज कुमार मंडल**
**ठेगाना : राजगढ गाउँपालिका ४, बेल्ही चपेना**
**मोटरसाइकल नं. : स. ११ प. १७९९**

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np